आज मिति २०७९/१२/०५ गते मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री राजेन्द्रदेव पाण्डेज्यूको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित) को परिच्छेद ७ को दफा १६ बमोजिम देहायका महानुभावहरुको समुपस्थितिमा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

<u>उपस्थितिः-</u>

| क्र.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १. | श्री राजेन्द्रदेव पाण्डे | अध्यक्ष/प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, मकवानपुर | ९८५५०२७७७७ | |
| २. | श्री मिना कुमारी लामा | नगर प्रमुख | हेटौडा उ.म.न.पा. | | |
| ३. | श्री विष्णु बहादुर विष्ट | नगर प्रमुख | थाहा न.पा. | | |
| ४. | श्री देवकृष्ण पुडासैनी | गाउँपालिका अध्यक्ष | इन्द्रसरोगर गाउँपालिका | ९८४१४५२३६३ | |
| ५. | श्री लोक बहादुर मुक्तान | गाउँपालिका अध्यक्ष | कैलाश गाउँपालिका | | |
| ६. | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | मनहरी गाउँपालिका | | |
| ७. | श्री सर्केश घलान | गाउँपालिका अध्यक्ष | बागमती गाउँपालिका | | |
| ८. | श्री हिदम लामा | गाउँपालिका अध्यक्ष | भीमफेदी गाउँपालिका | | |
| ९. | श्री राजकुमार मल्ल | गाउँपालिका अध्यक्ष | राक्सिराङ्ग गाउँपालिका | | |
| १०. | श्री दोर्जे लामा स्याङतान | गाउँपालिका अध्यक्ष | मकवानपुरगढी गाउँपालिका | ९८४४४५४०८० | |
| ११. | श्री धर्मराज लामिछाने | गाउँपालिका अध्यक्ष | बकैया गाउँपालिका | | |
| १२. | श्री शिवराज चौलागाई | प्रमुख प्रशासकीय अधिकृत | हेटौडा उपमहानगरपालिका | | |
| १३ | [illegible] शर्मा पौडेल | उप.प्र.नि | रा.अ.वि.ग. | ९८५५०३६६९६ | |
| १४ | शिव तापकोटा | डि.व.अ. | डिभिजन वन कार्यालय मकवानपुर | ९८५५०३६९९३ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

| क.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १५ | रघुराम परजुली | डी.नि. | वनस्पति अ. डुम्री | ९८५५०१३००६ | |
| १६ | राजेश कुमार पौडेल | डि. प्रमुख | अ. तथा सि.वि.डि. मकवानपुर | ९८५५०३१८८४ | |
| १७ | पुरुषोत्तम घुमागाईं | अधिकृत छैठौं | खानेपानी तथा सरसफाई डिभिजन नं. १, हेटौंडा | ९८५५०६५०५५ | |
| १८ | नरेन्द्र वीर सिंह | का. प्र. | ने.वि.प्रा., अ.ज्योति | ९८६५४०५१५२ | |
| १९ | लक्ष्मण घिमिरे | जन स्वा. अधिकृत | स्वास्थ्य कार्यालय म. | ९८५५०६[illegible] | |
| २० | अर्चना पुर्वेली | अ. प्रतेता | मनहरी गाउँपालिका | ९८४५३४११६५ | |
| २१ | त्रिलोक जोशी | इन्जिनियर | शहरी विकास तथा भवन कार्यालय हेटौंडा | ९८५८४२२८६४ | |
| २२ | वासुदेव पाण्डे | जि. प्र. अ. | जिल्ला समन्वय समिति | 9855011222 | |
| २३ | मनोज कुमार रिमाल | महासचिव | ने.पा.का. जिल्ला | ९८५५०६६६६ | |
| २४ | लाल बहादुर थापा | सभापति | ने.रे.सो. मकवानपुर | ९८४५६१४३६२ | |
| २५ | गुरु प्र. खापकोटा | अध्यक्ष | राप्रपा नेपाल मकवानपुर | ९८५५०६६३४५ | |
| २६ | दिनेश कुमार गुरुङ | प्र.का.नि | बागमती गा.पा. | ९८५५०८००५ | |
| २७ | सीता विष्ट बानिया | उप-सचिव | नेकपा एमाले | ९८४५०३१९०९ | |
| २८ | कृष्णनारायण घलान | प्र. प्र. अ. | बागमती गाउँपालिका | ९८५५०३०४५१ | |
| २९ | गोकर्ण तिवारी | सह-सचिव | गैसस महासंघ मकवानपुर | ९८[illegible]६१५४ | |
| ३० | प्रल्हाद वाग्ले | प्र.प्र.अ. | इन्द्रसरोवर गा.पा. | ९८५५०८८१६६ | |
| ३१ | अनिल तिवारी | नि. व.इ.अ. | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, हेटौंडा, मकवानपुर | ९८४५०८८२४० | |

| क.सं. | नामथर | पद | कार्यालय | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|---|
| 32 | अर्जुन प्र. पाठक | खानेपानी संयोजक | डि. ४ | 9861498262८ | [signature] |
| 33 | श्यामदेव गौतम | प्र ३ | जि प्र का मकवानपुर | 98550७५५५५ | [signature] |
| 34. | दिलीप प्र. आचार्य | डि.के.इ. | डि.के.इ., खानेपानी | 9855019678 | [signature] |
| 35. | गोविन्द राज घिमिरे | गणपति, प्र.से. | गोरख बहादुर गण, सुपारीटार | 9849655624 | [signature] |
| 36. | अनिल कार्की | गणपती S.P. | No14 Bn HQ. Hetauda | 9851258601 | [signature] |
| 37. | राजेश थापा | ले.अ | यातायात पूर्वाधार निर्देशनालय | 9845463635 | [signature] |
| 38. | केवल चौधरी | अधिकृत (प्राविधिक) | प्रदेश राजधानी रूपान्तरण विकास विशेष आयोजना | 9840245285 | [signature] |
| 39. | तुफान के.सी. | इन्जिनियर | शहरी तथा आवास कार्यालय | 9845360943 | [signature] |
| 40 | केशव जोशी | अ.स.इ. | जि.आ.का.इ. भवन तथा आवास | 986 / 9869849835 | [signature] |
| 41 | देवचन्द्र गौतम | प्र.प्र.अ | राक्सिराङ गा.पा | 9855088863 | [signature] |
| 42. | अनिल लामिछाने | अधिकृत | था.न.पा | 9855065341 | [signature] |
| 43. | नेत्र प्रसाद शर्मा | स.प्र.जि.अ. | जि. प्रशासन का. मकवानपुर | 9855030495 | [signature] |
| 44. | महेश कुमार थापा | नायब सुब्बा | ״ | 9855060646 | [signature] |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

**निर्णयहरू:-**

१. सुख्खायाममा हुरीबतास र आगलागीका घटनाहरू बढ्न गई धनजनको क्षति हुनसक्ने सन्दर्भलाई मध्यनजर गर्दै आगलागी एवं अन्य विपद्जन्य घटनाको व्यवस्थापन सम्बन्धमा सरोकारवाला निकायहरू एवं सबै सुरक्षा निकायहरूले सम्भावित क्षतिलाई न्यूनीकरण गर्न समन्वयात्मक ढंगबाट आवश्यक पूर्व तयारी र सचेतनामूलक कार्यहरू गर्ने । वन डढेलो नियन्त्रण सम्बन्धमा डिभिजन वन कार्यालयहरूले सामुदायिक वन उपभोक्ता समितिहरू र स्थानीयतहहरूसँग निरन्तर सम्पर्क एवं समन्वय गरी वन डढेलो सम्बन्धी पूर्व सूचना संकलन गर्ने, विभिन्न सञ्चार माध्यमहरूबाट सचेतनामूलक सन्देशहरू प्रवाह गर्ने र सम्भावित डढेलो नियन्त्रणको पूर्व तयारी गर्ने ।

२. गर्मीयामसँगै झाडा पखाला, डेंगु जस्ता रोगहरू देखापर्ने सक्ने देखिंदा सबै स्थानीय तहहरूले स्थानीयस्तरमा सचेतना कार्यक्रम गर्दै आवश्यक औषधी र जनशक्ति तयारी अवस्थामा राख्ने ।

३. कोभिड-१९ को जोखिम अझैपनि कायमै रहेको अवस्थामा स्वास्थ्य कार्यालय, मकवानपुरसँग खोपको मात्रा पर्याप्त रहेकाले बुस्टर डोज नलगाएका व्यक्तिहरूलाई सम्बन्धित पालिकाले स्वास्थ्य कार्यालयसँगको समन्वयमा निरन्तर सेवा दिने व्यवस्था मिलाउने ।

४. जिल्लामा हुने चक्रिय विपद् प्रतिकार्यार्थ स्थानीयस्तरमा उपलब्ध सामाग्री र आवश्यक न्यूनतम सामग्रीको Gap Analysis सशस्त्र प्रहरी बल, नेपाल र नेपाली सेनासँगको समन्वयमा गरी योजनाबद्ध रूपमा आवश्यक सामग्री व्यवस्था गर्ने तर्फ सम्बन्धित सबै पालिकाहरूले तत्काल कार्य शुरू गर्ने ।

५. जिल्लाका राक्सिराङ्ग, मनहरी समेतका पालिकाहरूबाट विभिन्न नदी उकासका कारण जोखिमपूर्ण अवस्थामा रहेका नदीजन्य पदार्थ संकलन र व्यवस्थापनका लागि अनुरोध भई आएको सम्बन्धमा छलफल हुँदा लेखि आएबमोजिमको क्षेत्रबाट जोखिमपूर्ण अवस्थामा रहेको ढुङ्गा, गिट्टी र बालुवा हटाउनुपर्ने सम्बन्धमा स्थलगत अध्ययन गरी प्राविधिक प्रतिवेदन लिई अर्को बैठकमा पेश गर्न निम्नबमोजिमको समिति गठन गर्ने ।

**तपसिल:-**

| | | |
|---|---|---|
| डिभिजन प्रमुख | जलस्रोत तथा सिंचाई विकास डिभिजन, हेटौडा | -संयोजक |
| नापी अधिकृत | नापी कार्यालय मकवानपुर, हेटौडा | -सदस्य |
| सब डिभिजन प्रमुख | सम्बन्धित क्षेत्रको सब डिभिजन वन कार्यालय | -सदस्य |
| सहायक भू-संरक्षण अधिकृत | भू तथा जलाधार व्यवस्थापन कार्यालय, मकवानपुर | -सदस्य |
| इन्जिनियर | सम्बन्धित पालिका, मकवानपुर | -सदस्य |

**पुनश्च:** *पर्सा राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र पर्ने अवस्थामा निकुञ्जको अधिकृत प्रतिनिधि सदस्यको रूपमा अनिवार्य राख्ने ।*

६. श्री जिल्ला प्रहरी कार्यालय, मकवानपुरको च.नं. ६१०६, मिति २०७९-१२-०२ को पत्रबाट "थाहा नगरपालिका वडा नं. ९, चित्लाङ्गमा वि.सं. २००२ सालदेखि ईलाका प्रहरी कार्यालय चित्लाङ्ग, मकवानपुर सञ्चालनमा रहेता पनि उक्त प्रहरी कार्यालयको हालसम्म आफ्नै स्वामित्वको कार्यालय

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी

भवन नरही भाडामा लिएर कार्य सञ्चालन गरिरहेको जसले सेवा प्रवाहमा समस्या भइरहेको कारण सो सन्दर्भमा मिति २०७९-१०-२३ गते थाहा नगरपालिका ९ नं. वडा कार्यालय, चित्लाङ्ग, मकवानपुरका वडा अध्यक्ष लगायत वडा समितिका सदस्यहरू, स्थानीय बुद्धिजिवी, भद्रभलाद्मी, समाजसेवी, व्यवसायीहरू, शिक्षक लगायत राजनैतिक दलका प्रतिनिधिहरू समेतको उपस्थितिमा वडा भेला सम्पन्न गरी सोही वडाको गोदाम चौर स्थित पूर्व जङ्गल, पश्चिम बाटो, उत्तर बाटो र दक्षिण जङ्गल र बाटो चार किल्ला भएको ३ रोपनी जग्गामा ईलाका प्रहरी कार्यालय चित्लाङ्ग, मकवानपुरको भवन निर्माण गर्न दिने भनी सर्वसम्मत निर्णय भई मिति २०७९-११-०४ गते थाहा नगरपालिकाका नगर प्रमुखको अध्यक्षतामा नगर कार्यपालिकाको बैठकमा समेत सर्वसम्मत निर्णय भएको हुँदा ईलाका प्रहरी कार्यालय चित्लाङ्ग, मकवानपुरको लागि जग्गा प्राप्तिको आवश्यक प्रक्रिया आगाडि बढाईदिने व्यवस्था हुन अनुरोध छ" भनी लेखि आएको र थाहा नगरपालिकाको मिति २०७९-१०-२६ को स्थानीय विपद् व्यवस्थापन समितिको बैठकबाट उल्लिखित जग्गा विपद्को समयमा प्रयोग हुने स्थान नभएको भनी यकिनसाथ आएकोले माथि उल्लेखित जग्गा ईलाका प्रहरी कार्यालय चित्लाङ्ग, मकवानपुरलाई उपलब्ध गराउने प्रयोजनको लागि उक्त जग्गा विपद्का दृष्टिकोणले जोखिमयुक्त नरहेको र जिल्ला विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन कार्यका लागि आवश्यक समेत नपर्ने हुँदा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा १० बमोजिमको सिफारिस समितिको बैठकमा सिफारिससाथ पठाउने ।

७. जिल्ला विपद् व्यवस्थापन समितिले मिति २०७९ पुस २८ गतेदेखि २०७९ चैत्र ०५ गतेसम्म निम्नानुसार वितरण गरेको राहत रकम रु.३०,०००/- (तीस हजार मात्र) अनुमोदन गर्ने।

| सि.नं. | निवेदकको नामथर | ठेगाना | बिपदको किसिम | राहत रकम |
|---|---|---|---|---|
| १. | लाल बहादुर प्रजा | राक्सिराङग गा.पा. ९ | मिति २०७९-०४-०७ गते आगलागीबाट भान्छा, गोठ र अन्नपात जली पूर्णरूपमा नष्ट भएको। | रु.१५,०००/- |
| २. | वीर बहादुर थिङ | बकैया गा.पा. ४ | मिति २०७९-०९-२३ गते आगलागीबाट घर जली पूर्णरूपमा नष्ट भएको । | रु.१५,०००/- |

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी